# मिड सोलु हाईड्रोपावर लिमिटेड
# Mid Solu Hydropower Limited

रजिष्ट्रार कार्यालय : नयाँ वानेश्वर-३१, काठमाडौं, फोन नं. ०१-४५७०५८४
इमेल: midsolu.hydropower@gmail.com वेवसाइट: www.midsoluhydropower.com.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको सम्बन्धी सूचना

मिड सोलु हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.७४,८४,००,०००/- को २०% अर्थात् १४,९६,८०० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जस मध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ७,४८,४०० कित्ता साधारण शेयर मध्ये आयोजना अति प्रभावित क्षेत्र (सोलुखुम्बु जिल्ला साविकको सल्लेरी र तिङ्ला गा.वि.स हालको सोलुदुधकुण्ड न.पा. वडा नं.३,४,५,६,७ र ११) का बासिन्दाहरुको लागि ५,६१,३०० कित्ता शेयर तथा प्रभावित क्षेत्र (सोलुखुम्बु जिल्ला साविकको सल्लेरी र तिङ्ला गा.वि.स हालको सोलुदुधकुण्ड न.पा. वडा नं. ३, ४, ५, ६, ७ र ११ बाहेक) का सोलुखुम्बु जिल्ला बासिहरुको लागि १,८७,१०० कित्ता शेयर मिति २०८० श्रावण १४ गतेदेखि मिति २०८० श्रावण २८ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग बमोजिम दरखास्त प्राप्त नभएकोले **यही मिति २०८० श्रावण ३० गते मंगलबारसम्म निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको** व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण महानुभावहरुलाई जानकारी गराईन्छ। **साथै माग भन्दा बढी संख्यामा आवेदन प्राप्त हुन आएमा मिति २०८० श्रावण ३० गते मंगलबार अगावै कुनै पनि दिनमा सूचना प्रकाशित गरी निष्काशन तथा बिक्री बन्द गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता**

**दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : १०,००० कित्ता**

**दरखास्तसाथ प्रति शेयर रु.१००/– का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण–पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, काठमाण्डौ। वेवसाइट www.nicasiacapital.com |
| २. | मिड सोलु हाईड्रोपावर लिमिटेड, बानेश्वर-३१, काठमाडौं। वेवसाइट www.midsoluhydropower.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ। |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि**
**देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ।**

| | | | |
|---|---|---|---|
| १. | सल्लेरी बजार वडा नं. ५, सोलुखुम्बु। | अनुप सापकोटा | ९८४१४०२१०१ |
| २. | एन आई सी एसिया बैंक लि., सल्लेरी, सोलुखुम्बु। | रबिन्द्र ढुङ्गेल | ९८०१९८२००९ |
| ३. | लक्ष्मी सनराईज बैंक लि., सल्लेरी, सोलुखुम्बु। | विवेक राजभण्डारी | ९८४१९९१६५० |
| ४. | ग्लोबल आइएमई बैंक लि., सोलुदुधकुण्ड, सोलुखुम्बु। | पुष्प प्रधान | ९८४२९३७२२० |
| ५. | राष्ट्रिय वाणिज्य बेंक लि., लुक्ला, सोलुखुम्बु। | बिनोद चौधरी | ९८५२८५०५५५ |
| ६. | राष्ट्रिय वाणिज्य बेंक लि., सल्लेरी, सोलुखुम्बु। | सुवास प्रसाद निरौला | ९८५२८५११५५ |
| ७. | राष्ट्रिय वाणिज्य बेंक लि., नाम्चेबजार, सोलुखुम्बु। | नविन न्यौपाने | ९८५२८५००२३ |

साथै स्थानीय बासिन्दाहरुले निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nicasiacapital.com मा गई रितपूर्वक विवरण भरी आवेदन दिन सक्नेछन्।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत प्रति दरखास्त आवेदन फारम रु.२/- (अक्षेरेपी दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ। साथै, शेयर खरीद आवेदन फाराम यस क्यापिटलको वेवसाइटः www.nicasiacapital.com बाट निःशुल्क डाउनलोड गरी भर्न सकिनेछ।

**धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८०/०४/३० गते (बैकिङ्ग समय पश्चात्)**

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन।**

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

मिड सोलु हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ७,४८,४०० कित्ता शेयर मध्ये ७४,८४० कित्ता साधारण शेयर (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको १० प्रतिशत) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाईको लागि मिति २०८० श्रावण १४ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८० श्रावण २८ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० श्रावण २८ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नु हुन अनुरोध गर्दछौं।

**दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता**

**दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : १०,००० कित्ता**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | *आ.व. २०७९/८० चैत्र मसान्तसम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी (रु.) | – | – | – | १.६५ | ४.०४ | १२.९४ | १४.५४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०० | १०० | १०० | १०१.६५ | १०४.०४ | ११६.९७ | १३१.५२ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | – | – | – | ९,८८८ | ३०,२१५ | १२७,०२८ | २३५,८७० |

*व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।

| | | |
|---|---|---|
| विद्युत परियोजनाको नाम | : | मध्य सोलु खोला जलविद्युत आयोजना। |
| आयोजनाको कुल उत्पादन क्षमता | : | ९.५ मेगावाट। |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : | कम्पनीले प्रवर्धन गरेको मध्य सोलु खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.२१,९३,८५,६४५/०५ छ। तथा कूल लागत (IDC) सहित रु.२,०८,४१,६३,६२८/– रहेको छ। |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : | मध्य सोलु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमति पत्र वहाल रहने अवधि मिति २०७७/०४/२२ देखि २११२/०४/२१ गतेसम्म रहेकोले ३२ वर्ष ६ महिना बाँकी रहेको छ। |
| शेयर पूँजीमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : | आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ६.९१ वर्ष र Discounted Pay Back Period १०.८७ वर्ष रहेको छ। |

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB+" (pronounced ICRA NP Issuer Rating Double B+) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। ईक्रा नेपाल लिमिटेड ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ। दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८०/०३/३१ बहाल रहने अवधि २०८१/०३/२९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८० श्रावण ५ गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nicasiacapital.com, निष्काशनकर्ता कम्पनीको वेवसाइट www.midsoluhydropower.com.np अथवा नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com